# प्रेस विज्ञप्ति

लोक सेवा आयोगको आयोजनामा लोक सेवा आयोग र प्रदेशका लोक सेवा आयोगहरु (प्रदेश नं. १, प्रदेश नं. २, बागमती प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेश)का पदाधिकारी र कर्मचारीहरुको सहभागितामा मिति २०७७ फागुन २३ र २४ गते **संघीय सुशासनका लागि योग्यता प्रणाली** भन्ने मूल नाराका साथ धुलिखेल काभ्रेपलाञ्चोकमा **लोक सेवा आयोगहरूको प्रथम राष्ट्रिय सम्मेलन** सम्पन्न भयो । उक्त सम्मेलनमा लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरु, लोक सेवा आयोगका पूर्व अध्यक्षज्यूहरु श्री तीर्थमान शाक्य, श्री कयोदेवी यमी, आयोगका पूर्व सदस्यहरु प्रा.डा. भिमदेव भट्ट, प्रा. कृष्णप्रसाद पोखरेल, श्री राजेन्द्रप्रसाद साह, श्री टिकादत्त निरौला, डा. गोविन्दप्रसाद कुसुम र श्रीपुरुष ढकाल एवं प्रदेश लोक सेवा आयोगहरु (प्रदेश नं. १, प्रदेश नं. २, बागमती प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेश)का अध्यक्ष, सदस्य र प्रदेश लोक सेवा आयोगका सचिवहरुको उपस्थिति रहेको थयो । २ दिन सम्म संचालित यस सम्मेलन देहाय बमोजिमका निर्णय र घोषणापत्र जारी गरी सम्पन्न गरिएको थियो ।

## निर्णयहरू

१. प्रदेश लोक सेवा आयोगबाट सम्पादन हुने कार्यमा योग्यता प्रणाली (Merit System) संस्थापन, प्रवर्द्धन र सम्वर्द्धन गर्न लोक सेवा आयोग र यस मातहतका कार्यालयबाट आवश्यकता अनुसार समन्वय, सहकार्य र सहजीकरण गर्ने । यस कार्यलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार प्रदेश लोक सेवा आयोगहरूको स्थलगत भ्रमण गरी अन्तरक्रियात्मक छलफलको माध्यमबाट सल्लाह र सुझाव आदान-प्रदान गर्ने ।

२. नेपाल सरकारबाट मिति २०७६ वैशाख १६ गते निर्धारण भएको लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादा-क्रम सम्बन्धी व्यवस्था प्रचलित कानूनी व्यवस्था, नियुक्ति र वर्खास्तको प्रकृया तथा वहन गर्नुपर्ने जिम्मेवारी समेतलाई दृष्टिगत गरी पुनरावलोकन गर्न नेपाल सरकार समक्ष माग गर्ने ।

३. प्रदेश लोक सेवा आयोगबाट अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्यहरू सञ्चालन गर्दा लोक सेवा आयोगबाट विज्ञ सेवाका लागि अनुरोध गर्न सक्ने र पदपूर्ति प्रक्रियामा आवश्यक हुने पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण, परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र सिफारिस सम्मका कार्यमा आवश्यकता अनुसार लोक सेवा आयोगले समन्वय र सहजीकरण गर्ने ।

४. संघीय निजामती सेवा, प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानून तत्काल निर्माण गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सरकारको गम्भीरतापूर्वक ध्यानाकार्षण गर्ने ।

५. प्रदेश लोक सेवा आयोगले आयोजना गर्ने अन्तरप्रदेश लोक सेवा आयोगको गोष्ठीमा लोक सेवा आयोगले समेत सहभागीता जनाउने ।

६. प्रत्येक वर्ष फागुन २३ गतेका दिन लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलन आयोजना गर्ने ।

७. लोक सेवा आयोगका माननीय अध्यक्ष श्री उमेश प्रसाद मैनालीको अध्यक्षतामा ऐतिहासिक प्रथम राष्ट्रिय सम्मेलन सफलता पुर्वक सम्पन्न गर्न पुर्याउनु भएको सहयोगको लागि आयोगका पूर्व माननीय अध्यक्षज्यूहरू, सदस्यज्यूहरू र आयोजनामा खटिने सम्वद्ध राष्ट्रसेवक कर्मचारी मित्रहरू लगायत सवैप्रति हार्दिक आभार तथा धन्यवाद प्रकट गर्ने ।

| | | | | | |
|---|---|---|---|---|---|
| उमेश प्रसाद मैनाली | उत्तम कुमार भट्टराई | सुरेन्द्र प्रसाद यादव | सुरेश मान श्रेष्ठ | प्रा. डिलाराम भट्टराई | राम प्रसाद उपाध्याय |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग |
| | प्रदेश नं. १ | प्रदेश नं. २ | बागमती प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश |

२०७७ फागुन २४ गते सोमवार ।

# घोषणापत्र

हामी लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू,

योग्यता प्रणालीका मान्य सिद्धान्तप्रति विश्वस्त र दृढ हुँदै,

लोक सेवा आयोगको गौरवपूर्ण अतीतप्रति गर्व गर्दै,

निष्पक्षता, स्वच्छता र वस्तुनिष्ठता जस्ता भर्ना छनौटका मूल्यप्रति समर्पित हुँदै,

आयोगप्रतिको जनविश्वासका लागि उच्च सम्मान गर्दै,

योग्यता प्रणालीको प्रवर्द्धक र संरक्षकको जिम्मेवारी बोध गर्दै,

निम्न प्रतिवद्धताहरू सामूहिक रूपमा घोषणा गर्दछौं:

"हामी सार्वजनिक पदहरूको भर्ना र छनौटमा योग्यता प्रणालीका आधार र सिद्धान्तहरूको पूर्ण पालना गर्नेछौं।

राजनीतिक, सामाजिक र व्यक्तिगत सम्बन्धका आधारमा पर्न सक्ने प्रभाव, दवाव र आग्रहवाट मुक्त भई निष्पक्ष भर्ना र छनौटद्वारा राज्यको सेवामा योग्यतम् व्यक्ति प्रवेश गराउन प्रतिवद्ध हुनेछौं।

योग्यता परीक्षणका विधिहरूमा भइरहेका प्रवर्तनको प्रयोग र नवीन आविष्कारद्वारा आधुनिक गुण परीक्षण विधि अवलम्बन गर्दै एक्काइसौं शताब्दीको चुनौती सामना गर्न सक्ने जनशक्ति सार्वजनिक सेवामा भित्र्याउने र लोक सेवा आयोगहरूलाई योग्यता प्रणालीको उत्कृष्ट केन्द्रको रूपमा स्थापित गर्ने कटिवद्धता व्यक्त गर्दछौं।

लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूबीच सहकार्य तथा समन्वय गरी अनुकरणीय प्रणाली स्थापित गर्दै संघीय सुशासन प्रवर्द्धन गर्न योगदान गर्नेछौं।

साथै, संस्थाको पवित्रता जोगाउँदै नागरिकहरूको विश्वासको धरोहरको रूपमा स्थापित गराउने संकल्प गर्दछौं।"

| | | | | | |
|---|---|---|---|---|---|
| उमेश प्रसाद मैनाली | उत्तम कुमार भट्टराई | सुरेन्द्र प्रसाद यादव | सुरेश मान श्रेष्ठ | प्रा. डिलाराम भट्टराई | राम प्रसाद उपाध्याय |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग |
| | प्रदेश नं. १ | प्रदेश नं. २ | बागमती प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश |

२०७७ फागुन २४ गते सोमवार ।

तोयनारायण सुवेदी

सहसचिव एवं प्रबक्ता

लोक सेवा आयोग